# प्रधानमंत्री जंगबहादुर राणाका समयका नेपाल-भोट युद्धका ऐतिहासिक सामग्री

(गताङ्कको बाँकी)

७. श्री ५ गोर्खा सर्कारवाट ल्हासाका टुंतारिन अम्बालाई लेषि गयाको ह्राङफोङ ४ सालका ३ मैह्नाका २८ दिन जादा लेषियाको पत्र आइपुग्यो. ५ वर्षको मामुलि वाहेक अरू कुराका अर्जि चह्राउन्या दस्तुर छैन. तर येस पाला अर्जि मुषपेटले यैकत्र गरि लेष्याको देषदा अर्जि चह्राई पठाइन्या काम गर्‍यौ भनि लेषनु भयाका कुरालाइ हूँदा ता श्री ५ वादशाह बडा अकवाल् प्रतापवाला श्री ईश्वरले माया गर्‍याकालाइ कसैले पनि हेरिसक्नु छैन तर श्री ५ वादशाहलाई कसैले दिक गर्‍याका वेलामा श्री ५ वादशाहको हुकुं ली हार्मीले ज्यू दिछौ भन्या वेहोराको हामीले चह्राई पठायाको अर्जि र कोहि दुष्मनले हामिलाई दुष दियाका वेलामा हामीले वादशाहका हजुरमा चह्राई पठायाको अर्जि नपठाउनु भन्या आफुहरूलाई पनि कुसुम हवैन येस्ता वेहोराको अर्जि नलेषनु भन्या हामिलाई पनि हुकुम छैन. अर्जि चह्राई पठाउन्या काम वढिया भयेछ श्री ५ वादशाहका हजुरमा अर्जि चन्हाई पठायाको हो फौज लि आउनु भन्या हुकुम र आफुहरूको चिठी आयो भन्या उसै घडि हाम्रो फौज उठनु पर्‍याछ हाम्रा फौजलाई षान्या रसद वोकि वेगारी षलमाको हर्कत हुन नजावन हिउँ पर्‍या वेलामा भन्या आइ सकन्या छैन वादशाहका हुकुम नमान्या जस्तो पर्न नजावस् वादशाहको हुकुम आयापछि हिउँ पर्‍या वेला वाहेक जिउ दिन हामि तयार छौं ११ साल आषाढ वदि ११ रोज ४ मा —

तस्तै वखतमा श्री मद्राज कुमार कुमारात्मज श्री प्राइम मिनिष्टर यान कम्याण्डर इन चीफ जनरल जङ्गवहादुर कुवर राणाजिवाट कप्तान भिमल आलेलाई लेखि गयो —

उप्रान्त उर्द्दि भया वमोजिम अरुण पारदेखि वेत झिकाई वैतर कुंभिपाट जगी मेगजिन्मा दाखिल गर्न्या र उदैपुर गढि र यसै गढिको तालुक चौदंडिमछे रेवामा रह्याको तोप वन्दुक षरखजान्याको देहायेवार षोजी तेरिज लेखि पठाउन्या काम वढिया हो मेरो यहाँ रहन्या र हजुरमा आउन्या वेहोरालाई जो मर्जि भनि लेख्याका कुरालाई ताहाका काजकाममाई जान्या पाका मानिस राषि ताहाको काम चलन्या गरि आफ्ना मानिसहरूलाई अन्हाई सिकाइ चिठी पुग्नी मात्र येक फेरा जाहा आउ र सवै कुराको वेवास्ता वाधी जान्या काम गरौला ११ साल मिति श्रावण वदि ७ रोज ७ शुभम् —

धर्मनारान् साहुवाट ल्हासामा वस्न्या नाईक्या सिद्धिराज के लेषि गयाका —

उप्रान्त ताहा हंगमा भयाको कुरो अघि पनि लेषि पठायाको हो भोट सर्कार गोर्षा सर्कारले श्री वादशाहलाई मानिरह्याको हौ पछि पनि माने पर्न्या छ श्री वादशाहको रक्कासिको षलल पर्न गयाको समाचार जाहा थाहा हुंदा श्री वादसाहका घरमा षलल पर्‍याको सुनि हेरिरहनु जोग्य छैन भोट र हामी मिलि श्री वादसाह संग आई लाग्या दुस्मनलाइ मार्नानिमित्त हामीले ज्यू दिनुपछे श्री वादसाहको वढिया भयापछि हामी दुवैको वढिया भन्या चित्तमा आयो र वडा अम्वा मार्फत श्री वादसाहलाई अर्जि चह्राई पठायाको हो वडासंगवाट भयापछि आउनु भन्या हुकुम आयो भन्या भोट र हामी मिलि भरमजदुर गर्नुपर्न्या छ भनि आफ्ना हात हतियार

षजाना रसद लस्कर फौजका तयारि गरि साविक फौज देषि सिवाय ३०।४० हजार फौज र सोहि वमोजिमको षजाना रसद तयार भै सकियो अरू जोर जम्मा गर्दैछौ साधि पठायाका कुराको जवाफ केही आयाको छैन यो साधि पठायाका कुराको थाहा छंदै साधि पठायाका काम निमित्त ताकि ति गन्याका कुरामा गोर्षा सर्कार भोट चढन लाग्यो भन्या छोराका पछि लागी ताहाका रैतिलाई उर्दि फिराई टिंगरिमा लस्कर वटोलन लाग्या भन्या हल्का सुनिंछ यो कुरा कसो हो भोट र गोर्षा सर्कारको अघिदेषि दोस्ति हो पछि पनि रहनु पर्न्या छ हार्मीले साधि पठायाको नभया हार्मीलाई थाहा थिएन भनि लेषि आउनु पर्न्या हो साधक थाहा भयापछि यस्तो हंगमा पर्न्या वेमुनासिव हो साधक गयाको ७।८ मैह्ला भयो जवाफ केहि आयाको छैन आहा र फौज तयार भैरहेछ आउनु भन्या हुकुम आया भयाको फौज षजाना लि जांछौ न आउनु भन्या हुकुम आया फौज ठाउं ठाउंमा फिराई पठाउंछौ आउनु भन्या भया पनि न आउनु भन्या भया पनि भदौ भरिमा थाहावस ७।८ मैह्ला फौज थामि राखदा रसद षजानाको ताकीति गर्दा हाम्रो खर्च धेरै भै सकियो लडन्या फौज ४० हज्जारलाई दोचा तयार हवस् भनि यो सत्रै विस्तार वडा अम्वासंग विन्ति गर्नु भन्या नाइक्यालाई लेषि पठा भनि दर्वारवाट हुकुम भयो र लेषि पठायाको हो सो सबै कुरा वुझि विन्ति गरि चाडो जवाव लेषि पठाउन्या काम गर आहा विन्ति गर्नु पर्न्या छ यो चिठी अम्वालाई लगि देषाया सं. ११ साल मिति भाद्र वदि १ रोज ४ शुभम् —

तेस्तै वखतमा श्री मद्राजकुमार कुमारात्मज श्री जनरल कृष्णवहादुर कुवर राणाजीका हजुरमा सुवा मान्सिरवर्सि ले चह्लाई पठायाको —

उप्रांत गोदाम घरको कामलाई जगा माटो हेराई पैन्यामा र फाल्दुमा लिस्तिमा ढुङ्गा काटन लाआ वोसि साना ठुला गरि २० जना आयो वोसि पुगेन वोसि फेरी ४० जना पठाई वक्सनु भया काठको काम चलाउदा हुं वेगर काठ नभै अरू काम चल्दैन तिनै तर्फवाट काम चाडो हुन्या छ वोसि आएन भन्या येक घर पनि चाडो हुन्या छैन घर तयार नभै रसद राषनाको वेचाजो पर्न जाला काठ तयार हुनै मात्र कर्मि विन्ति चन्हाई पठाउंदा जो मर्जि वोसिले हर्कत छ वाकि काम् कामलाई चाहिन्या फलामको दषखत १ रसदको दषखत २ चन्हाइ पठायाको छ नजर भै छाप गराई वक्स्या जाला रसद वावतलाई मोहरु रुपिआ दशहजार १०००० लिन आहावाट सिपाहि २ र वोकन्या मानिस १० जना पठायाको छ भाई जगनाथसिंको जिम्मा गरि पठाई वक्सनु होला नौसिंदा आयेन आहा मैले हाल्आ दर्शनी मोह रुपिया १ चह्लाई पठायाको छ नैनसिं घले ज्मादारले हेरि आयाको वाटोको कुरामा दस्खत वमोजिम मान्छे खटाआ अस्ति निज ज्मादारसित पठायाको थिया उसै मान्छेलाई पठाउंछौ सात्तु सामल् वनाउन लाग्यू आ म अलिपछि भयो कसो भयो ताकिति मर्जि वमोजिम हेरचाह गर्दै निस्तुक जाहांवाट होला विन्ति चन्हाई पठाउंला इति सम्वत् १९११ साल मिति भाद्र वदि १२ रोज १ शुभ —

श्री प्राइममिनिष्टरवाट श्री कर्णेल कृष्णध्वज कुवर राणाजी लाई लेषि गयाको उप्रांत सर्दार कनकसिं महत सुवा विर भंजन माझिले सिलगढिमा वसि गौडा मुहुदाको काम र अंग्रेजसंगको काम पर्दा औमुलुको वर वन्दोवस्त जांचबुझ असुल तहसिलको काममा सल्लाहसंग गर्नु गौडा थामनु केहि कुरामा गाफिल नपरोस् भनि अह्लाई ई तिनजनालाई सिलगढिमा राषि मुलुकको वरवन्दोवस्त आफुले गर्न्या काम सबै सकि तेरा परियारलाई षाना पिनाको वर वन्दोवस्त वाँधी सर्दार सुवा काजि जिम्मा सिलगढीमा छोरि तसंगका श्री कालिजङ्ग पल्टनका नाल २०१ श्री रणभिम पल्टनका नाल २०१ श्री भवानि वक्स कंपनिका नाल १०१ श्री ज्वालादल कंपनिका नाल १०१ श्री चन्दननाथ पल्टनका नाल २०१ उमा नाल ८०५ इनै पल्टनका गोलंदाज २३ र कपतान वर फार्निस वस्न्यात् कपतान जवर कार्कि कपतान् वुद्धिमानसिंह वस्न्यातलाई साथमा ली भोटतिरको वाटाको नजिक पारि फौजलाई वस्नाको सुभिस्ता हेरि तैले भदौ मैह्लामा हुमला जाई वस श्रीनया श्रीनाथ श्री अडिदमन कंपनिका पिपा १।१ निसान पुंजाका टहलुलाई गौडामा थामि पिपा १५।१५ र ज्मादार समेत तैले लै गयास् इनहरूले पिपा नदिया तेस कंपनिका पिपा तैले भर्ना गरि लग्यास् गोलंदाज जना ६ येतावाट पठायाका छन् इनहरूलाई पनि सामेल राषि तेस तरफका तोपमध्ये वढिया सावुद तोप २ तयार

गरि आफ्ना साथमा राष तोप धेरै लगी काम छैन १ टोपलाई २ सये गोलाः ४ सय गिराफ चाहिन्छ येस तजवींजले पल्टनका अरू षजाना रसद सबै ताकित गरि जति उठाउन सक्छन् उति तोप लैजा ६ पंनिको तोप भारि हुन्छ ४ पंनि ५ पंनिको तोप लै जान्या काम गन्यास् तोपलाई चाहिन्या गोला गिराफ षरषजाना र वंदुकलाई जनहि गोलि स्मेतको गठा १५ का दरले गठा र जनहि ९।९ का दरले चाहिन्या पत्थर अरू षरषजाना जो चाहिंछ तयार गर्न्या काम गर्नु वंदुक संगिन तोस्दान मार्तौल सुजनि गैह्र सावुद भयानभयाको जाचि सावुद गराई ताहाका वंदुक जांचदा वनाउदा वनि नसकन्या भै नपुग्याको वन्दुक वारुद गोलि प्यूठानावाट झिकाउन्या काम गर्नु सिसा जोपायाको षरिड गरि वन्दुकको मोहरिमा मिलाई गोलि ढालन लाउनु लडार्ञि पर्दा गोलि सानु ठुली भै नविग्रोस् २ तोपका गिराफ गोला पनि तयार गर सिपाहिहरूलाई पनि तारा हान्न लगाइ तालीम गरि तयार गरीं राषन्या काम गर. इ पल्टनकालागि ज्मा भरिया समेतले वर्ष दिन षानालाई रसद षरिद गरि राषनु जंगी षजाना तयार गर्न र रसद षरिद गर्नलाई दसखत पठायाको छ सो दस्खत वमोजिमको रुपिया ली सबै काम कुराको गाफिल नपारि तयार गर्नु ताहा नपुग्याको कुरालाई यहाँ लेषि पठा र आहावाट ताकित भै आउला जुन दिन लडन जा भनि हामीले भनि पठाउला उस दिन जालास जोरावरसि मऱ्याका ठाउंमा लडन तैले जानुपर्न्या छ ११ साल भाद्र वदि १३ रोज २ मा—

श्री प्राइममिनिष्टरवाट श्री जनरल वद्रिनरसिंह कुवर राणाजीले लेषि गयाको —

उप्रांत तेर्रो मद्दतलाई तारादल पल्टनका नाल २०० लीं सर्दार जुद्धविर अधिकारी भदौ महिनामा ताहा आई पुग्छन् गोर्षाको गोरखदल कंपनि ली काजि त्रिविक्रमसिंह थापा मोस्ताङमा भेट्न्या गरि आउछन् गोलंदाज जना ६ येंतावाट आउछन् वडा कप्तान जङ्गध्वज कुवर राणाजिलाई तैले थमौति गराइ दिनु. पाल्पा नुवाकोट सल्याना स्मेतमा ठाउं ठाउंका तहसिल र ठाउं ठाउंको गौडा सम्सेर जङ्ग पल्टनले कुह्लनु अग्रेजसंगको काम र गौडा मुहुडाको काम पर्दा मुलुको वरवन्दोवस्त असुल तहसिलको काममा होसियारसंग गर्नु गौडा थामनु केही कुरामा गाफिल नपरोस् भनि अह्राई वडा कप्तानलाई पालपामा राषि मुलुकको वन्दोवस्त आफुले गऱ्या काम सबै सकि तेरा परियारहरू पालपामा वडा कप्तानको जिम्मा छोडि षानापिनाको वन्दोवस्त वाधि इनै पल्टन कंपनिको नाल ९६३ भै गोलंदाज समेत र सर्दार जुद्धविर अधिकारीलाई साथमा लीं भोटतिरका वाटाको नजिक पारि फौजलाई वस्न्याको सुभिस्ता हेरि भदौ महिनामा मुस्ताङ जाई रसद ज्मा हुन्या र केरु नजिक पर्न्या ठाउ हेरि छाउनीं गरि नस लडन सकन्या सिपाहि तयार गरि तारा हांन लगाई फौजलाई तालिम गरिराख्नु. त्यस तरफका तोपमध्ये सावुद तोप २ तयार गरि आफ्ना साथमा राष तोप धेरै लगि काम छैन १ तोपलाई २ सये गोला ४ सय गिराफ चाहिन्छ येस तजविजले पल्टनका अरू षजाना रसद सबै ताकिता गरि जति उठाउन सकछस् उति तोप लैजा ६ पंनिको तोप भारि हुन्छ ४ पंनि ५ पंनिको तोप लैजानु तोपलाई चाहिन्या गोला गिराफ षरषजाना र वंदुकलाई जनहि गोलि स्मेतको गठा १५ का दरले गठा र जनहि ९।९ का दरले पत्थर अरू षजाना जो चाहिन्छ ताहा जाचदा वनी नसकन्या भै नपुग्याको वंदुक वारुद गोलि प्यूठानावाट झिकाउन्या काम गर्नु कदाचित् नआ मानिस भर्ना गर्नु पऱ्यो भन्या जगेरालाई तं सितका र प्यूठानवाट गरि २ हजार नाल संगिन तोस्दान उसैं माफिक षजाना झिकाई तयार गरिराख्नु सिसा जो चाहिंछ षरिड गरि वन्दुकका मोहरिमा मिलन्या गरि गोलि ढालन लाउनु लडार्ञि पर्दा गोलि साना ठुला भै नविग्रोस् २ तोपका गोला गिराफ पनि तयार गर्नु इ पल्टन कंपनि काला जिमा भरिया समेतले वर्ष दिन षानालाई रसद ज्मा गरि राखनु जंगि षजाना तयार गर्नु र रसद षरिदलाई रुपियाको दस्षत गरि पठायाको छ दस्षत वमोजिमको रुपियाली सर्वकाम कुराको गाफिल नपारि तयार गर्नु ताहा नपुग्याको कुरा आहा लेषि पठाउनु र आहावाट ताकित भै आवला जुन दिन लडन जा भनि पठाउला उसदिन लडन जालास् ११ साल भाद्र वदि १३ रोज २ शुभं—

श्री प्राइममिनिष्टरवाट श्री वडा कपतान् जङ्गधोज कुवर राणाजीलाई लेखि गयाको—

उप्रांत पालपाको गौंडा केदार नरसिंको तैनाथ छ पालपाको काम उसले लाया अह्राया वमोजीम तैले गर्नु पऱ्यो. तेरा थमौति केदार नरसिंसंग गै गऱ्यास. सल्यानाको कंपनि जुमला गयो पालपाको बरष पल्टन मोस्ताङ जान्या छ. येस पाला लडाजीको काम पऱ्यो तसंग कारण सिंदल कंपनि केदार नरसिंको जिम्मा गरि दे. तैंले गऱ्याको दुटवल गैह्रको काम र. पालपा नुवाकोट् सल्याना स्मेतको कामकाज तैले गर्नु पऱ्यो. अंग्रेज नवाफसंग दोसाध को जगा छ मधेसको कामकाज जनरल रणउदिपसिंह कुवर राणाजीसंग साधीं गर्नु पहाडको कामकाज कर्णो केदारनरसिंह कुवर राणाजीले अह्राया वमोजिम गर्नु. कामकाज गर्दा वहूत होसियार रार्ष कोनै कुराको गाफिल नपारि गर्नु. येसै वखतमा केहि कुराको उजुर गरिस भन्या तक्सीर वंद होलास् मूलुकी कामको तर ताकिति गरि आफुसंगको पल्टनलाई तालिम गरि तयार राषि तिनलाई चाहिन्या षर षजाना पत्थर गठा वंदुक संगीत तोस्दान गैह्र तयार गरी राषन्या काम पऱ्यो भन्या. तेस पल्टनले मद्दत दिनु पर्न्या छ मधेसको मुलुकी काममा ११ सालका वंदोवस्त वमोजीम वन्दोवस्त असुल तहसिलमा केहि फरक नपरोस् ११ साल भाद्र वदि १३ रोज २ मा

फेरि श्री प्राइममिनिष्टरवाट सर्दार जुद्धविर अधिकारी लाई लेषि गयाको — उप्रान्त साविक वमोजिम तिम्रो थमौति भयो. मेगजिनको कामकाजलाई षाचो नहुन्या गरि सयेनान र तिमीले पत्यायाको मानिस राख २ सये नाल ली आफ्नु हातहतियार षजाना गोलि पिया गैह्र ली श्री भाइ जनरल वद्रिनरसिंह कुवर राणाजिसंग सामेल भै उनले लाया अह्राया वमोजिम गरि मोस्ताङमा वस्नु पर्छ. सवथोक कुरो श्री भाई जनरल वद्रिनरसिंह कुवर राणाजीले लाया अह्रायाको मान्या. हाम्रो वावुहरू तिन भाइका संतानको षलल हुन्या रोटिमा वेत्यास पार्न्या कुरा. नमान्या जो तिमिलाई नमुना दियाको तोपका गोलाहरू चाडै तयार गर्या श्री भाइ कृष्णध्वज कुवर राणाजीले माग्या वमोजिम वंदुक वारुदहरू जो मागछन् सोदिया ११ साल भाद्र वदि १३ रोज २ मा —

श्री प्राइममिनिष्टरवाट कप्तान जवर कार्किलाई लेषि गयाको — उप्रांत साविक वमोजिम तिम्रो थमौति श्री भाइ कर्णेल कृष्णध्वज कुवर राणाजीले गरिदिन्या छन् तिम्रा तैनाथको श्री भवानि वक्स कंपनि र आफ्नु हात हतियार षजाना गोलि पिया गैह्र ली. श्री भाइ कर्णेल कृष्णध्वज कुवर राणाजीसंग सामेल भै उनले लाया अह्राया वमोजिम गर्नु. हुमलामा जानु पर्न्या छ केहि कुराको गाफिल नपरोस् ११ साल भाद्र वदि १३ रोज २ मा—

श्री प्राइममिनिष्टरवाट कप्तान वरफानसिं वश्न्यातके लेखि गयाको— उप्रांत साविक वमोजिम तिम्रो थमौति श्री भाई कर्णेल कृष्णध्वज कुवर राणाजीले गराइ दिन्या छन् तिम्रा तैनाथको चन्दनाथ पल्टनमध्ये जुमला लाइन भै नहुन्या. भाइले षटाया वमोजिम जुमलामा थामि अरू नाल पगरि लाजिमार आफु हातहतियार षजाना गोलि पिया गैह्र ली श्री भाइ कर्णेल कृष्णध्वज कुवर राणाजीसंग सामेल भै उनले लाया अऱ्हाया वमोजिम गर्नु हुमला जानु पर्न्या छ. केहि कुराको गाफिल नपरोस् ११ साल भाद्र वदि १३ रोज २ मा—

श्री प्राइममिनिष्टर जङ्गबहादुर कुवर राणाजिवाट सुवा मान्सरोवर सिलाई लेषि गयाको वोसि पुगेन वोसि फेरि ४० जना पठाई वक्स्या काठको काम चाडो चलाउदा हुं वोसि आएन भन्या १ घर पनि चांडो हु या छैन भनि लेषि पठायाका कुरालाई रुपिया लिन पठायाका सिपाहिका संगमा तैले लेषि पठाया वमोजिम वोसि जना ४० र मोह रुपिया १० हजार तेरो भाई जगनाथका जिम्मा गरि पठाई दियाको छ सक्यासम्म अरू रुपियाको पनि रसद जमा गर्न सक्छस् भन्या रुपिया पठाई दिन्या काम गरि-येला त्यो जमा गऱ्याका अनाज गैन्ह भुटाउन्या कुरा भुटाई राषनु पिधाउन्या कुरा पीधाई अंन काचो कुनै पनि नराषनु कामकामको फलामको द खत १ रसदका दसखत१ पठाई दियाको छ नौंसिदाका कुरालाई आहावाट पठाई दियाको छ पुरला वाटाका कुरालाई हेर्न पठाउन्या र सातुसामल वनाउन्या काम वढिया गरेछस् ढाक्याहरूले चावल लि भोटमा नुन साटन जान्यालाई नुन साफ्ट नदिनु ताहाका भावले चावल आफुले किंनु नुन वेचन

ल्यायाको नगदले आफुले किनु ति चावलले साटन जान्या ढाक्र्याहरूलाई वेचनु नगदले हाम्रा मानिसहरू नुन् किन्दछन् भन्या भोटयाहरूसंग विन्न दिनु हाम्रा सिवाना भित्रका भारि वोकन सकन्या च्यांग्रा घोडा षचर चौरी भेडा गदाहा कतिसम्म पाइछन् येस्कुराको तलास गरि येस्को यति यतिसम्म छ भन्या नाउ नमेसि लेषि पठाउनु र रसद् राषन्या घर वनाउंदा अवाटो गरि वनाउनु ल्हासा तर्फ जान्या आया गयाका चिठी खोली हेरि राजकाजको कुरा लेषियाको रहेछ भन्या फासि चिठी जो आउंछ जान्छ चिटी आहा पठाई दिनु भोट तर्फ हाम्रा सिवानावाट वारुद गोलि सो राजंगी षजाना कुनै कुराको पनि लैजान नपाउन् औ हाम्रा तर्फका मानिस कुटिसम्म पठाई वुझि लेषि पठाउंदै गर्नु ११ साल भाद्र शुदि ५ रोज २ शुभम्—

श्री प्राइममिनिष्टर जङ्गवहादुर कुवर राणाजिका हजुरमा सुवामान्सरवरसिले लेषि आयाको चौडि भेडा षसि जाचन लाञ्यू मर्जि वमोजिम थुन्या कुरो थुन्या चिवा भन्या उसुपट्टीको आहा कोहि आयाको छैन. तैपनि वुझदै लेषको वाटो जमादार नैनसिघलेहरू पुगी आयाको वाटो गरि कुतिवाट येक धूपचिन लामा केटा १ ज्यम् केरलु गुम्वा को क्षेसौ थानमा फागुमा वस्न आयाका रह्याछन् भनि अस्ति गोठालाहरूले समाचार ल्याया र हेर्न पठाया सुवेदार वक्तवार षतृपनि भेट्या भन्या सुनिछ. वाटो पनि तेहि लामा आयाको वाटो सुवेदार वक्तवार षतृका मानिसले कुति पुगी आयो भन्या सुनिछ. हाम्रा तजवीजमा पनि तेहि वाटो होला भन्या लाग्छ. तेहि वाटोलाई सोझो खोला साधु तर्न नपर्न्या नवलपुरको वाटो आमचुरघाटदेखि घुगा व्यासिसम्मका थरि मुषिया सिझार रैति गैन्हका नाउमा दस्खत् १ गरि पठाई वक्स्या वाटो चाडो तयार गरुंला कुति जान्याहरू पनि आयाको छैन. घर रसद वाटो धेरै काम हुंदा मेरा १ दमले टाकन कठिन होला कि भन्या झैं लाग्छ सेलांका सुवेदार अनुपसिं षतृलाई मसित साथलाई वक्सनु भया. येसतर्फका भुयारू पनि छन् आम चरवाटदेषि नवलपुरको वाटोगरि गेउल उतर्न्या वाटो र उसदेखिभित्र जाहांसम्म सकियेला हामी बनाउँछु मर्जि वमोजिमका काममा पनि ताकिति गर्दैछु कुटाउन्या कुरो कुटाउन्या कुरालाई गाउंगाउंमा ढिकि जातो घट्ट तयारि गर्नु उर्दि दियाको छ गोदाम घरलाई पनि ताकिति गर्दैछु ढुंगा झिकि सक्यु वोनि नपुग्दा काठविना अडकिरहेछ कामि हाल जना २० पठाई बक्सनु भया ढोका थाम चाडो तयार हुंदो हो. सुवेदार वक्तवार षतृका मानिस कुतिमा दोचा षरिद गरि फर्कंदा गुम्वामा वास वस्या छन् र तिमीहरूले हामी वाटो षोजन आञ्यू भन्यो र पछि उनिहरू आयापछि भोट्यालाई थाहा भयो र स्योस्यां गुम्वाको मानिसलाई घरहि १५।१५ रुपिआ डाडिलियो भन्या समाचार सुनिछ तेस तरफको मानिसहरूलाई पनि मद्दत दियाको छ नुनको भाउ माना १५ भैरहेछ १६ मानासम्म होला भन्या डवल छ कुतिमा २० माना भैरहेछ हामीलाई पनि चाहिन्या २।४ हजारको षरिद गरुंकि सोरा भारि १ के मुरी।६।६ चन्हाई पठायाको छ दाखिल भयो हो. नुनको वेहोरालाई जो मर्जि ११ साल भाद्र शुदि १२ रोज २ शुभम्।

श्री प्राइममिनिष्टर जङ्गवहादुर कुवर राणाजीका हजुरमा कपतान जवर कार्किले लेषि चन्हाई पठायाको तेहरू तेनाथ श्री भ्वानि वक्स कम्पनिका हातहतियार वर्षजाना पीपालि भाई कर्णेल कृष्णध्वज कुवर राणाजीसंग सामेल भै कर्णेलले लाया अन्हाया वमोजिमको कामगरि हुमला जानु पर्न्या छ भनि मर्जि भै सिक्षा अर्ति आउंदा वहुत हर्ष लाग्यो। सिक्षा अर्तिको सायेत गरि राख्याछु सिपाहि सवै नआ हुनाले खालिन पाक्याको हुनाले षर्च षोजन भनि १०।१२ दिनको विदा दि राष्या छु सानेल भयापछि हिड्न्या काम गर्छु कम्पनिलाई रसद येहि वाटो हिंडाई जानुपर्छ कि कर्णेल साहेवसंग गै वहिका तजवीजले गर्न्या हो औ निसानका भन्या फर्द चुर्ण झें सकि राखा रह्याछन् डाठमाल छ कसो गर्न्या हो प्यूठानाको थोत्रा नाल गाली गोला वनाउन तंम्रा तैनाथका जमादार हुदा सिपाहि पठाउ भन्या मर्जि भै दस्खत आउंदा सिर चन्हाई जमादार १ हुंदा १ सिपाहि ४ जवान जमा ६ प्युठाना मेगजिनमा गोला वनाउन लागी रह्याछन् इनलाई ताहि छोडन्या हो कि झिकाई नै जान्या हो कम्पनि सवैले जान्या हो कि केहि कन्हवा छोडन्या हो कि षर खजाना गठ्ठा पत्थर पत्थर गरि लैजानु भन्या लेषि वक्सनु भयेछ वारुद भन्या माटो काठ कछिगर वरोवर छ येहि वारुद केलाई ठहन्याको वारुद गठ्ठा पार्न लाग्याको छौं आफुले आटन नसक्याको कुरो सोधि हजुरमा विन्ति चन्हाई पठायाको छु। येति विन्ति गरि पठायाको येसै गर भन्या सेवकमाथि अर्ति

सिक्षा मेहर मानगी रह्या. सो वमोजिम टहल मरिहि काज गर्दा हुं जो मर्जि ११ साल भाद्र सुदि १२ रोज २ शुभम् ।

श्री प्राइममिनिष्टर जङ्गवहादुर कुवर राणाजीका हजुरमा कपतान् जुद्धवीर अधिकारीले लेषि चन्हाई पठायाको —

साहिला भाईसंग हाजिर भै मोस्ताङमा जानु भन्या अघि लेषि पठायाको हो अव मोस्तां जानु पर्दैन कामकाजलाई अघि लेष्या वमोजिम गरि चिठि पुग्नी विक्तिकै तैयारी २ सये नाललाई जनाहि गोलि समेत कार्तोस १५० र पत्थर जनहि ।९।९ का हिसावले चाहिन्या षजाना स्मेत लि श्री कर्णेल भाई कृष्णध्वज कुवर राणाजिसंग सामेल भै हुमला जान्या काम गर भन्या इत्यादि लेषि आया वमोजिम २ सये नाललाई चाहिन्या जगा खजानाको तर्जुमा ताकिता गर्नु लागी रह्याछु २ सये नाललाई जनहि १५ गठाका हिसावले कार्तोस ३०००० लाई सिसा गोलि चाहिन्या रहेछ जगेराका गोली १०।१५ हजार रहेछ फेसाली नालमा मिलन्या गोलि वनाउन्या काम गरु कि भनि विन्ति चढाई पठायाको हो । सिसा खरिद गरी वनाउन्या रुपैयाको जगा छैन सिसा गोलीलाई यसो नगर्नु भन्या मर्जि वक्सिस भै आया सो माफिक तैयार गर्दा हूं ।। ११ साल मिति आश्विन वदी ३ रोज ७ मुकाम प्यूठाना अडा शुभम ।

श्री मद्राजकुमार कुमारात्मज श्री कम्याण्डर इन चीफ जनरल वम्वहादुर कुवर राणाजीका हजुरमा कपतान जुद्धवीर अधिकारीले चन्हाई पठायाको श्री प्राइममिनिष्टर साहेववाट श्री साहिला भाइसंग हाजिर भै मुस्ताङ जानु पर्दैन ताहाका कामकाजलाई १ सये नाल पत्यायाका मानिस राषी चिठी पुग्नी विक्तिकै तयारि २ सये नाललाई जनहि गोलि समेत कार्तोस १५० र ९।९ पत्थरका हिसावले चाहिन्या षजाना स्मेत ली श्री भाई कर्णेल कृष्णध्वज कुवर राणाजी संग सामेल भै हुमला जान्या काम गर भन्या इत्यादिका कृपापत्र रवाना गरि वक्स्याका आइपुग्यो लेषिया वमोजिम को षजानाको तर्जुमा गर्न लाग्यौं हुमला जान्या २ सये नालसंग निसान लै जान्या र थामन्याको वेहोरा लेषियाको नपाउदा हजुरमा अर्जि चन्हाई पठायाको हो जो मर्जि २ सये नाललाई जनहि १५ गठाका हिसावले कार्तोस ३०००० लाई सिसाका गोली चाहिन्या रहेछ जगेराका गोली १०,१५ हजार छ त्यो पनि फेसाली नालमा हालि हेर्दा साना हुन्या रहेछ सिसा खरिद गरि वनाउ भन्या रुपियाको जगा छैन तिनै जगेराका साना गोलि गालि फेसालि नालमा मिलाउन्या हो कि कसो गर्न्या हो कार्तोस वनाउन्या कागज खरिद जगेराका सिसा साना गोलि गालि फेसालि नालमा मिलन्या गोलि वनाउनु भन्या सनद गरि वक्स्या वहि वुझाउंदा मेरामिलन जान्या छ भनि हजुरमा विन्ति चन्हाई पठायाको हो मर्जि तल हाजिरै छु ११ साल आश्विन वदी ३ रोज ७ मुकाम प्यूठाना शुभम् ।

श्री मद्राजकुमार कुमारात्मज श्री प्राइममिनिष्टरका हजुर मा मेजर कपतान वर्फानसिं वश्न्यातले लेषि चह्राई पठाया- को साविक वमोजिम तिम्रो थमौति श्री भाई कर्णेल कृष्ण ध्वज कुवर राणाजीले गराई दिन्या छन्. तिम्रो तैनाथको श्री चन्दननाथ पल्टनको मठ जुमलाताई नभै नहुन्या भाईले खटाया वमोजिम जुमलामा थामि अरू नाल पगरि लाजिमार आफनु हातहतियार षजाना गोली पीपा गैह्र ली श्री भाई कर्णेल कृष्णध्वज कुवर राणाजिसंग सामेल भै उनले लाया अह्राया वमोजिम गर्नु. हुमला जानु पर्न्या छ केहि कुराको गाफिल नपरोस् भनि लेषि वक्सनु भयाका कृपापत्र वमोजिम नीज श्री कर्णेल साहेववाट लाया अह्राया माफिक आफना जानत भर मगदुर गर्न्यैछु षर्षजाना वारुद गोलिहरू मात्रै जाहाका दसै गैह्र चारपर्वको साल वसाल वढाईमा खर्च भै केहि वाकि रह्याको वारुद पनि हिउंकावस लेषाई तेज उदि मटि जस्तो भै रहेछ जाहा रह्याको जगेरा पनि पोरको साल ताहा झिकिन्या भयाको छ. रसद जमा गर्नुलाई र कार्तिक मंसिर भर षरिता गरि हुमला पुऱ्याउनु पर्न्या छ पौषदेषि चैत्रसम्म हिउंले वन्द हुन्छ तसर्थ षर्षजाना गैह्र रसदहरूको झिजो श्री कर्णेल साहेवका द्वारागरि ताहा आउन्या छ ११ साल आश्विन वदि ७ रोज ४ शुभम् ।

श्री प्राइममिनिष्टरका हजुरमा कर्णेल जङ्गध्वज कुवर राणाजिवाट लेषि चह्राई पठायाको पाल्पा गौडा श्री कर्णेल केदार नरसिंह कुवर राणाजिको तैनाथमा छ. पाल्पाको काम उसैले लाया अह्राया वमोजिम तैले गर्नु

पऱ्यो तेरो थमौति श्री केदारनरसिं कुवर राणाजीसंग गै गऱ्यास् सल्यानाको कम्पनि जुमला गयो. पाल्पाको श्रीवरष पल्टन मुस्ताङ जान्या छ. येसपाला लडाईंको काम पऱ्यो तसंगको श्री रणसिंदल कंपनि श्री कर्णेल केदारनरसिंह कुंवर राणाजीको जिम्मा गरिदे. तैले गऱ्याको वुटवल गैह्रको काम र पाल्पा नुवाकोट सल्याना समेतको काम काज श्री जनरल रणउद्दिपसिं कुवर राणाजिसंग साधीं गर्नु पाहाडको काजकाम श्री कर्णेल केदार नरसिं कुवर राणाजीले लाया अऱ्हाया वमोजिम गर्नु कामकाज गर्दा वहुतै होसियार राषि कौनै कुरा गाफिल नपारि गर्नु कामकाज गर्दा केहि कुराको उजुर गरिस् भन्या तक्सीर वन्द होलास् मुलुकी कामको तरताकिति गरि आफुसंगको पल्टनलाई तालिम गरि तयार राषी तिनलाई चाहिन्या षरषजाना पत्थर गट्टा वन्दुक संगीन तोस्दान गैन्ह् तयार गरि राखन्या काम र काम पऱ्या भन्या तेस पल्टनले मदत दिनुपर्छ मधेस मुलुकि काममा ११ साल वन्दोवस्त वमोजिम वन्दोवस्त असुल तहसिलमा केहि फरक नपार भनि सिक्षा लेषी आयाका अर्थ हजुरका मर्जिमा मेरो कौनै कुराको उजुर छैन. नाग पंचमिदेखि आयाका वेथाले दुख दिदा वाहिर भित्र पनि गर्न सक्याको छैन आराम हुन्या वित्तिकै श्री कर्णेल केदार नरसिं कुवर राणाजिसंग गै मर्जि वमोजिम थमौति र श्री रणसिंदल कंपनि जिम्मा गर्न्या काम गरौला वुटवल गैन्ह् र पाल्पा सल्याना नुवाकोट वाढि स्मैतको कामकाज सोधन्या ठाउमा सोधी साधन्या ठाउमा साधीं गरौंला ११ साल मिति आश्विन वदि ८ रोज ५ मुकाम ठाडा गढि शुभम्—

ताहापछि श्री मद्राजकुमार कुमारात्मज श्री प्राइम मिनिष्टरवाट सुवामान सरवरलाई लेषि गयाको सेलांका सुवेदार अनुप्सीं षतृलाई मसितको साथलाई वक्सनु भया. येस तर्फका भुयार पनि छन्. आमचुर घाटदेखि नवलपुरको वाटो गरि गेउल उतर्न्या वाटो र उसदेखि जाहांसम्म सकिएला. हामी वनाउंछौ भनि लेष्याका कुरालाई सुवेदार अनुप्सीं षतृलाई तैले साथ लि काम गर्नु. तिनले काजकाम वेस गरि. रिझाउन्या. पाठसंग काम गऱ्या भन्या. षाना दानाको पनी ठेगाना होला. वाटाको तजवीज वढिया गरिस् तेस तर्फका मानिसहरूलाई पनि मदत दियाको छ भनि लेष्याका कुरालाई ति मानिसलाई मद्दत दिन्या काम वढिया गरिछस् नुनको भाउमा ता १५ भइरहेछ १६ माना सम्म होला भन्या. डवल छ कुतिमा २० मानासम्म भै रहेछ हामिलाई चाहिन्या २।४ हज्जारको षरिद गरौ कि भनि लेष्याका कुरालाई ३ हज्जार लस्करलाई १ वर्षसम्म षान पुग्न्या गरि नुन षरिद गर्नु आजकाल रलेषको वाटो रुष ढालि सम्याउन लायाको छ सिपाहि पनि ५।७ गरि षटाई राख्या ज्मादार रमले षतिर गऱ्यौं कर्मि वोसिले षाचो छ भनि लेष्याका अर्थ कर्मि वोसिलाई ताकिति गरि पठाइ दियाका छन् पुराना वांकि मैले ल्यायाका ३ हजार रुपिया मकैलाई दि सक्या भनि लेख्याका कुरालाई ति रुपैया दिन्या काम वढिया भयेछ. भाउ लेषी पठाउन्या काम गर्नु रुपिया दिनु हर्कत छ भनि लेख्याका कुरालाई १ हजार रुपिञा पठाई दिन्या काम गरिएला अरू तैले लेषि पठाया वमोजिम पछि पठाउला भोट जान्या चिठी षोली याकामा फार्सि चिठि २४ भोट्या अक्षरको चिठि १ नेवार महाजनको चिठि मुठा दुई आई पुग्यो. जाहा हेरि जाचि श्री जनरल भाई कृष्णध्वज कुवर राणाजीको सानु छाप लगाई पठाइ दियाका छन् ति चिठि भोटतर्फ पठाई दिन्या काम गर्नु. अव उप्रांत पनि श्री काहिला भाईको छापलाई आयाका हिडाउनु विच उसै नहिडाउनु. वारुद २ मानाको प्याङका कुरालाई जाहा पठाइदिनु अरू अरू जिल्लाका घटेरालाई तिमीहरूले लिस्तिमा घट थापन आउनु तिमिहरूलाई महसुल माफ छ भनि जिल्ला जिल्लामा पठायाको छ भनि लेष्याका कुरालाई वढिया गरेछस्. तैले दाकता मान आउन्या जिल्लाका घटेरालाई अैन वमोजिम डंड स्मेत गरि ति घर ज्मा गरि पिन्ह्याउन्या कुरो पिन्ह्चाउनु. तिनसंग घटको महसूल नलीनु सोराभारि १ के मुरी।६।६ चऱ्हाई पठायाको आइपुग्यो ११ साल आश्विन वदि १० रोज ७ शुभम्।

तस्तै वखतमा श्री मद्राजकुमार कुमारात्मज श्री जनरल कृष्णवहादुर कुवर राणाजीको हजुरमा ज्मादार अैमान षतृले चऱ्हाई पठायाको वोसि जाहा आइ पुग्याको २८ दिनमा यतिका विचमा रसद पठाई वक्सनु भयापछि यो रसदका भारि मैले कसो गर्न्या हो जाहा भन्या भोटे गाउं नजिकमा छैन म वस्याका ठाउंमा राखु भन्या तलवाट भलवग्न्या माथिवाट पानि चुहन्या मैले क्या परिपाठसंग भारिको तरो लाउन्या कालिगढले काम गर्न

लाग्याको १०।१२ दिनपछि रसदका भारी आई पुग्यो झरिले भन्या साबुद गरि काम गर्नु १ दिनपछि पाइदैनन् जाहा ताहाका षोला नाला वढि वाटो साधु बिग्रया छन् घर १ को रोतला छापि सकियो वैंगल छापनु र छाना छाउनु वाकि छन् अरू घरको पनि धमाधम ताकिति गर्दैछु सिर्कमिहरूका कामले पुन्याउन सकदैन ३० वटा कर्मि थपि वक्सनु भया चाडो घर तयार गर्दा हुं.डर्कमिका अर्थलाई जाहा डर्कानिको केहि चल्दैन. सुर सोझचाउन्यालाई इ छ जनामा हुन्छ इ कालिगढका वमोजिम ज्याला पाया भोटचाहरू षुसि भै काम गर्दा रह्याछन्. भोटचाहरूलाई धारो लाउन्या काम लाउन पाया जल्दी घर सिध्याउदा हुं रसदका अर्थ लाई अज दिन २० सम्म नुवाकोटतिर रहोस् जाहा नआया वढिया होला छालाले मोन्ह्याको भारि नछाप्याको घरमा राखदामा पानिले पाया माल वरवाद हुन्याछन् तहविल्दार १ लेषंदास भन्या. मुषियासम्मको काम गर्न्या पर्न्या रहेछ नौसदा तलव खाई २ भाइले वरावर काम गरिरहेछन् कामका अर्थलाई हजुरले पत्याई वक्सनु भया इ नौ सदाहरूले पनि काम पार लाउनु सकला कि भन्या जस्तो मेरो चित्तले ठहराई राखेछु. हजुरका तजवीजवाट ठहराई अरू मुखिया पठाई वक्सनु भया पनि. इ नौं सिंदा हरूलाई वन्दोवस्त गरि पठाई वक्सनु भया गुलामले गन्याको पार लाउनु सकियेला भन्या जस्तो लाग्छ. ११ साल मिति आश्विन वदि १२ रोज २ शुभम् ।

श्री मद्राज कुमार कुमारात्मज श्री प्राइममिनिष्टरवाट ज्मादार अैमान षतृके हाम्रा सिवानाभित्र ताहाका भारि वोक्न सकन्या च्याङरा घोडा षचर चौंडि मदाहा गदाहा. भेंदा. कतिसम्म पाइछन् तलास गरि यसको. येतिसम्म छ. भन्या नाउ नमेसि लेखि पठाउनु. रसद राषन्या घर वनाउदा अवाटो गरि वनाउनु ल्हासातर्फ आयातर्फ आया गयाका चिठि षोली हेरि. राजकाज अर्को वेहोरा लेषियाका चिठि र फार्सि चिठि जो आउंछ जान्छ ति चिठि जाहा पठाइ दिनु माहाजनी वेहोराका चिठि आउन जान दिनु. भोट तर्फका सिवानावाट वारुद गोली सोराजगी षजाना कुनै कुरा पनि लैजान नपाउन् ढाक्र्याहरूले चावल ली भोटेसंग नुन साटना आया भन्या साटन नदिनु ताहाका माउले चावल आफुले लिनु नुन वेचन ल्यायाको नगद रुपिञाले षरिद गरि चावलले साटनु जान्या. ढाक्र्यालाई वेचनु. नगतले हाम्रा मानिसहरू भोटसंग किन्दछन् भन्या किन दिनु ताहाका ढाक्र्याहरूले ल्यायाका. चावल किनु र नुन किन्नलाई मोह रुपिया दुई हजार २००० पठाई दियाको छ वुझिलिनु ति रुपिया सकियापछि जाहा लेषि पठाउनु र चाहिया माफिक पठाई दिन्या काम गरियेला. औ ताहा पाइयासम्मको रसद भुटाउन्या पिधाउन्या कुरो पिधाउनु अंन कांचो नराषनु —

श्री प्राइममिनिष्टरका हजुरमा ज्मादार अैमान षतृ नौसिंदा राजमान्सीं गैह्रले चन्हाई पठायाको चावलका भारि ढाक्र्याहरू नुन् सातने. चल्याका छैनन् १।२ आउन्याले पनि जगातिलाई वुझाउनेसम्म मात्र ल्याउदा रह्याछन्. रुपियाले नुन् किनि लैजान्छन्. टिमुन्या जगातमा रस्याफु जगातमा चावलहरू. आयाको रोकन्या. जंगी खजाना र आश्रा गयाको चिठिपत्र मानिसका वुझवाज गर्न्यै. राषि छोड्छु. चौडिका अर्थलाई लाङताङतिर सिपाहि पठायाका छन्. आयाको छैनन्. पुग्नी मात्र चौडिका हिसाव लेषि. हजुरमा चह्राई पठाउला चौरिका गोरु भन्या वैसिको हुनि केरुतर्फ विक्दा रह्याछन् १।२ भयाका पनि नाक नछेडि भारि वोक्दो रहेछन्. नाक छेडन्या चलन भन्या हाम्रा मुलुकमा रहेनछन् भारि वोकन्या भेडा षसि ज्मा १००० हज्जार रह्याछन् इनैका भारि वोकन्या सराजाम समेत तयार गरि राषनु भनि राषेछु ५००० हजार रुपिया पठाई दियाको छ आइपुग्ला वुझिले २००० को नुन किन किन वाकि पुपियाको ताहा भयाका गहु करु जो छ भुटाउन्या कुरो भुटाउनु पिधाउन्या कुरो पिधाउनु अंन कांचो नराखनु. लिन्या काम गर भन्या कृपापत्र आउदा दुनियामा रोका गरि राखेछु. रुपैया जाहा आइपुग्याको छैनन्. हवल्दार कृतिध्वज षड्का १ सिपाहि जैनारानसिं १ कृस्नवीर षतृ १ इ तिन जनालाई नुवाकोटमा कारिगढ लाई सिपाहिलाई षान्या रसद जाहा पठाउनु भनि राख्याका थियो सिपाहिहरूका खर्चका रुपिञा ताहा रसद मा लाउनु र तिमिहरू ३ जना जाहा आउनु तिमीलाई वदला सिपाहि २ जना मैले पठायाको छ. ताहा रसदको काम ति सिपाहिहरू २ जनाले गर्लान् तिमीहरू तिनैजना जाहा आ. भन्या चिठि लेषि सिपाहि २ जना पठाञा थ्या. ति सिपाहिहरू २ जना ताहा नुवाकोटमा राषि ल्यो हवल्दार सिपाहि २ जना सहर्मा सयेल गर्दछन् भन्या

समाचार सुन्दछु. श्री ५ सर्कारमा षर्चका रुपियाका विन्ति गर्ने. पठायाका हुंदा सिपाहिलाई पनि आहाको काम हामि गरुला. तिमिहरू फर्क भनि हुंदा सिपाहिलाई फर्काइ पठाइ दियेछन् नुवाकोटमा बसि काम पनि गर्दैन आहा पनी आउदैनन् हवल्दार चन्द्रवीर षवास् १ लाई कारिगद लाई षान्या रसदका रपिआ पैसाको तहविल्दार गराई राखेछु पर्ट्टीका षर्षटन् पनि तेसैले गर्दा छन् आहावाट आयाका असवाफका भारि १७६ आहा आई पुग्यो बुझि लि रसिद लेषि दि पठाआ मसंग भयाका २ अम्वल्दार भन्या लेषन पढन जान्या सिपाहि सरहको काज गर्नलाई भन्या वढिया छन्. काजमा नवसि हुंदा सिपाहि येस्ता रह्याछन् भन्या केहि केहि वुझींदो रहेछन्. चोभार वस्न्या सिपाहि षड्गसिंथ १ सवै कुराका हुस्यार रह्याछन् आहावाट आयाको असवाव्का भारिका तहविल्दारी काम इनैलाई गराई राषेछु. येस हुदाले भन्या आहा वस्न्या साह्रै गाह्रो मान्यो. काज गर्न्याले षान पाउन्या हुन्. लेषंदासको कुरो र अघिला अर्जिमा लेषि चह्राई पठायाथ्या. जो मर्जि रसद राषन्या गोदाम घरको अर्थलाई १ घर तयार भयो दोस्रो घर ३५ हात लामो १६ हात गज भयाको छाउनु लार्गा रह्याछु. सिद्धियाको छैन. तेस्रो घर १ निदाल वस्यो. कर्मिवाट अलिक ढिल भै रहेछ रसद आहा आई पुग्याका दिन घाम पानि वरोवर लाग्न लार्गा रहेछ. काम पनि धमाधम चलिरहेछ. वेत्रावर्तीका साधु त्रीशुलगंगाको साधु वाटो दोसाधदेखि धैवुसम्म नवनाई हुन्या छैन यो पनि वनाउला केरु वस्न्या भोट्या नेपालतर्फ भेडा. च्यांग्रा. वेचन आउन्यालाई गोड धुका को रकमिले तिमिहरूलाई पनि फिप्रानाको दस्तुर सयेकरा ५ रुपिया लाग्दछ भनि स्याफ्रुका साङुमा थुनि राखेछ भन्या कुरा आहाका भोटेहरू गर्दा रह्याछन्. भेडा वेचन नेपाल लैजान्छस् भन्या जा भोटतिर फर्कि जांछस् भन्या पनि जा भनि थुनि राखेछन्. यो दस्तुर लाग्न्या हो कि लाग्दैन जो मर्जि भोट्याहरू भन्या केरुतिर फर्कनान् भन्या जस्तो डवल छ जगातिहरू र आहाका भोटेहरू विअम्वललाई गादिका रकम र गोडधुवा रकम अघि देषि लाग्दैनथ्यो भनि भन्छन्. केरुबाट मंह्लाका २ भोटे नेपालसम्म आई हेर्चाह गरि वुझवाज गरि फिन्यै मामुली ने रहेछ. ११ साल आश्वीन वदि ३० रोज ६ शुभम्

श्री प्राइमर्मिनिष्टरवाट सर्दार जुद्धवीर अधिकारीके लेषी गयाको २ सये नाललाई चाहिन्या जंगी षजानाको ताकिति गर्न्या. काम वढिया गन्या छौं. चाडो तयार गरि अघि लेषि पठायाको वमोजिम भाई कृष्णध्वज कुंवर राणाजी संग सामेल भै उसले लाया अह्राया वमोजिमको काम गर्न्यै छौं गोलीका कुरालाई जगेराको फेसालि वन्दुकमा नमिलन्या गोली गालन्या वेहोराको दस्खत पठाई दियाको छ पुग्ला.निसान्का कुरालाई नालसंग लैजानु पर्दैन. ताहि राषनु सल्याना श्री भवानि वक्स कंपनिका ज्मादार १ हुंदा १ सिपाहि ४ ज्मा ६ जनालाई सल्यान पठाइ दिनु. इन्का वदलालाई भाई वडा कपतान जङ्गध्वज कुवर राणाजीको तैनाथ सम्सेर जं पल्टनका ज्मादार हुंदा सिपाहि जना ६ आउन्या छन्. तिनिलाई साछि राषी गालन्या कुरा गालनु. ११ साल आश्वीन सुदी १ रोज ७ शुभम् । —

श्री मद्राजकुमार कुमारात्मज श्री कम्याण्डर इन चीफ जनरल कृष्णवहादुर कुवर राणाजीवाट सर्दार जुद्धवीर अधि कारी के २ सये तयारि नाल ली श्री भाई कर्णैल कृष्णध्वज कुवर राणाजीसंग सामेल भै लाया अह्राया वमोजिमको काज गर्नु तिमि जान्दैछौ. निसान र गोलिको तिर्मीले साधि पठायाका कुराको गोलीको दस्खत गरि पठायाको छ. पुग्ला निसान्को र गोली ढालदा. साछि वस्न जान्या. भवानि वक्स कंपनिका ज्मादार हुंदा सिपाहिलाई कपतान् जवर कार्किसंग पठाइ दिनु. तिनका वदलामा वडा कपतान् जङ्गध्वज कुवर राणाजीका तैनाथि. सम्सेर जंको ज्मादार हुंदा सिपाहि साछि राषि काम गर्नु भन्या र निसान ताहि थाम्नु भन्या वेहोराको श्री मिनिष्टर दाज्यू बाट चिठी लेषी गयाको छ सो वमोजिम गर्न्या काम भया वढिया होला. षानीका कुरालाई दस्खतका मसौदा स्मेत जो भयाको विस्तार लेषि पठाउन्या काम वढिया गन्या छौ. विस्तार मालुम भयो थितिका लालमोहरका मुषीया नआ ठेकेदारको दोहोरो मिलापपत्र भै वन्दोवस्त भयाका कुरामा जसले वषेडा गन्यो उसलाई अइन वमोजिम. सजाये गरी वन्दोवस्त तिमीले गन्या हौ. यो कुरामा दसषत गर्नु पर्दैन नगरि भयेन भन्या अघी अघीको मुषीयार. सिसमेषु नआंय्याको मुषिया धनषि घर्ति वुढा. गाउंको मुषिया सह देउवुढा घर्ति गाउको मुषिया पारि गाउंको मुषियाहरू

सवैको र मिलाप पत्रको राजीनामा र मुषियाहरूलाई भयाका थितिका लालमोहरका नक्कलहरू समेत पठाई देउ र वुझि ठेगाना गरि पठाउन्या काम गरीएला ११ साल मिति आश्वीन सुदी १ रोज ७ शुभम् —

ताहापछि श्री मद्राजकुमार कुमारात्मज श्री प्राइममिनिष्टर यानवाट ज्मादार अैमान षतृके लेषि गयाको वोसिहरू मैह्ला दिनमा वदला सदा सर्वदा हुंथ्यो डकर्मि सिकर्मिहरू पनि कराउंछन्. इनलाई विदा कसो गर्न्या हो भनि लेष्याका कुरालाई ति वोसि कर्मिहरूलाई विदा हुंदैन लाग्याको ज्याला दि वरावर काम लाउनु. कर्मिहरूको ज्याला पाया भोट्याहरू षुसि भै काम गर्दा रह्याछन् भनि लेख्याका अर्थ ति भोट्यालाई ज्यालाको वन्दोवस्त गर्नु जमादार १ हुदा १ सिपा ५० ज्मा जना ५२ लाई भर्ना गरि तिनको तिन पुस्ता लेषी काज १ आहा. पठाइदिनु ति मानिसलाई तिमीले ताहाँ काम लाउनु ३५ हात लाम् १६ हात गज भयाको घर १ तला वस्यो अर्को घर २६ हात लामु १६ हात गज भयाकामा जग पुरीयो. भनि लेष्याका कुरालाई ताकिति गर्न्या काम वढिया गन्या छौं. ११ साल आश्वीन सुदी १ रोज ७ शुभम् —

श्री प्राइममिनिष्टरवाट मेकवर्फानसि वस्न्यातृके हामि सिवानाभित्र ताहाका भारि वोकन सकन्या. च्यांग्रा घोडा षचर चौरि गदाहा. भेदा कतिसम्म पाइन्छ तलास गरि यस्को येति येतिसम्म पाइन्छ भन्या नाउ नमेसि लेखि पठाउनु भनि लेषी वक्सनु भया वमोजिम दरादरामा जांच वुझ गर्न हुंदा सिपाहि खटाई राषेछु जांच गरि सकनि वित्तिकै तपसिल षोर्ली चह्राई पठाउला रसद राषन्या घर वनाउनु भनि लेषि वक्सनु भयाकालाई हुमरादराकासिम कोट गाउँमा आहाको पट्टी गै कुह्रवा वस्न्यालयेन घर वनाउंदा अघि भट्क्याको थियो सोहि जगामा लौठ हेरि वनाउनु लगाई भदौसम्ममा ६५ हात लामु १ तल्ला घर वनाउनु सिध्याउन्या काम गन्याको छ तेस सिमकोट देषि ताकला षारतीर जान्या रस्ताको सिवाना ४ दिनको वाटो पर्दछ. निज सिमकोटदेषि काठपात पाइन्या ठाउसम्म वढि सिवाना नजीक पारी तुम्कोट मुचु भन्याको जगामा जगेरा घर वनाउना र षलंगा वस्न वढिया होला कि भन्या ठहराई काठ कटाउनु भनि मानिस पठाउन्या काम गऱ्या. तर सिमकोटदेषि उभोका जगामा कार्तिकदेषि वैशाषसम्म त हिउले ढाकत छ. हिउले काम गर्न दिन्छ दिनैन ह्लासातर्फ आउन्या जान्या राजकाजको चिठि र फार्सि चिठि आहा पठाई दिनु षर्षजाना गैह्र सिवानापार. लैजान नदिनु भनि लेषि वक्सनु भयाकालाई सो उर्दि वमोजिम गर्न्यै छु. भोटतर्फ सिवाना पार अनाज गैह्र जान नदीनु ढाक्र्या वेपारीहरूले नुन साटन ल्यायाको अनाज ताहाका भाउमा रुपैया दि आफुले लीनु. भोटेले अनाज साटन ल्यायाको नुन पनि नगद रुपिआले षरिद गरि लिनु सो अनाज नुन् षरिदलाई चाहिन्या रुपिया श्री भाई कर्णैल कृष्णध्वज कुवर राणाजीसंग वुझिलिनु. भनि लेषि वक्सनु भयाका अर्थ अनाजको नुन साटन्या सिवाना का जगा जगामा हुंदा सिपाहि षटाई पठाउन्या काम र भर जुमलाको रसद गैह्र षरिदलाई त जुमलैका ठेकेसिर्तो मध्ये कम्पू पल्टन र श्री कांछा मैयासाहेवलाई नेपाल जान्या तपसिल वमोजिमका मोहर पैया जमुर ति गरि ज्मा रुपिआ ६४५५।।।२ को रसद षरिद गर्नु भन्या. सनत गरि पठाईवक्स्या दुनियालाई ठेकसिर्तोमध्ये अनाज दिन पाया सुविस्ता हुन्या र रसद पनि चाडो वटुलिन्या होला कि भन्या झै लाग्छ. ताहाका जुनावमा जो ठहर्छ अरू रसद षरिदलाई छोडि श्री कर्णैल साहेववाट पठाई वक्सनु भया वमोजिमका रुपिआ षरिद गर्न्या काम गरुला. ११ साल मिति आश्विन सुदि २ रोज १ मुकाम जुमला छिनासि—

## ऐजनका षाम भित्रको

उप्रांत फिरंगीका २ साहेवले १०।१२ मानिस ली लदाकको वाटो गरि ताकलाषारसम्म आइ सिकार गरि १।२ वटा घोडा मारि श्री मान्सरोवर तर्फ हेरचाह गरि व्यासको वाटो गरि फीऱ्या भन्या. षवर हुमला गयाको ज्मादारले लेषि पठाया. औ आजसम्म भै भारादारले जागीर षायाको पाक हुन सक्याको थियेन. आज हजुरको इच्छा पुन्य प्रतापका तेजले हामीलाई धारार्तीर्थ भेटाइवक्सनु हुनु लाग्यो कि धन हाम्रो भाग्याभंदा चितमा वहुतै गदगद् लागीरहेछ हाल र पचास हजारको असुल तहसिललाई साविक गर्नुपर्दा र ताहाका मर्जि वमोजिम अनाज गैह्र भोटतर्फ लैजान्या वाटो पारि मिलि टाक्न्या चुवाषोला

ताक्या मुगु कराम लागुतर्फ तारा येति जनामा अनाज नुन षरिदलाई लेषन्या भर्न्या चिवा चर्चा गर्न्या पगरि हुंदा सिपाहि षटाइ पठाउदा कोत र झेलषानाको पालो थामन पनि कठिन रहेछ आफना साथमा १०।८ मानिस पनि नहुदा साम्है निजामत जस्तो भयाको छ शुभम् —

भर्नाका ढडा वमोजिम नेपाल जान्या तनुषाका ज्मा रुपिया ९४५५।।।२ सिंहनाथके मोहरु ५४२८।।।२।।।३ मध्ये नत्रा श्री नाथ के १० सालको थप मोहरु ४५० कट्टि गरि

वाकि मोरु — ४९७८।।।३।।। ≡
गणेशदलको — २१५०२।।।=
मोहरु— ६९७ पैसा १६ गंरु १२७४।।२।।। ≡
जम्रति पैसा १६ गंडि रु — १७८।।

श्री कांछा मैया साहेवका नानकारिमा भर्ना. कुंदादरा को ३ सालका लालमोहर वमोजिम रु. ३९३३।।२। मध्ये पल्टनको गोसुवारा तहसिलमा गयाको रु १०७।।.। कट्टी गरि वाकि वाकि नानकारिमा भर्ना रु ३५२५।।।३ मध्ये जुमली साहेवलाई १० सालमा भयाको सनद वमोजिम; मोहरु पिया १२०० कट्टी गरि वाकि नानकारि तह विलमा वुझाउनु पर्न्या रु — २३२५।।। ≡
मोहरु — ६३४२ पैसा १६ गंडा रु १६४२।। ≡
जम्रतिको पैसा १६ गंडा रु— ४९=

श्री प्राइममिनिष्टरका हजुरमा कर्णेल केदारनरसिं कुवर राणाजीले चन्हाई पठायाको १० सालको आम्दानीमध्ये सिक्का रुपिया ३४९९९ मोहरु पिया ५७०१ जमा रुपिया ४०७०० वुटवल तप्पातप्पामा चिठि हुंडि भै गयाको छ तप्पा तप्पावाट रुपिया जमा गरि श्री कर्णेल केदारनरसिं कुवर राणाजिका जिम्मा वुझाउन्या छन्. निज कर्णेल छेउ ताईवाट मानिस पठाई लिनु पर्न्या रुपैया वुझि लीं रसिद दिनु होला भन्या वेहोराको चिठी श्री भाई जनरल रण उद्दिपसिंहवाट मलाई लेषि आउदा केहि काम निमित्त ज्मादार गीर्वल कार्कि ताहा रह्याको छ. ति रुपिआ नीज ज्मादार हस्ते वुझाई देउ भनि श्री वुवा कर्णेल कृष्णध्वज कुवर राणाजीवाट मलाई लेषि आयो अघि श्री वुवाज्यु तेसतर्फ पाव लागी वक्सनु हुंदा श्री वुवाज्यू रणउद्दिपसिंह कुवर राणाजीवाट वुटवलको १० सालको आम्दानीमध्ये श्री कृष्णध्वज कुवर राणाजीका जिम्मा ४०७०० रुपिया रसिद दिनु भन्या लेषि आयाको थियो. तहवीलमा जो भयाको मजुदौतको तपसिल लेषि श्री वुवाज्यू रणउद्दीपसिंह कुवर राणाजीलाई पनि चन्हाई पठायाको हो तेसमा पालपा अडा षारेज भयाको ताहालाई रसद चाहिंदैन. डिट्ठा राजमान सिं जिम्मा सायेत्रा काला पैसा ८ हजार गोरखपुरी ३३ हजार कातिक मंसिरसम्ममा मर्मेहाराज आयापछि वजारका भाउमा साटी येसतर्फ चलान चर्न्या काम गर भनि लेषि आयाको छ. अमला फैलाहरू सवै ताहि आयाका छन्. आहा र फौजदार रामकृष्ण भडारी मऱ्यो. निजको छोरा र डिट्ठा राजमानसिं मावि छन्. ताहावाट र फलानालाई येति दिनु भनि लेखि आउंछ. इ अमला फैलाको पट्टा र किस्तवन्दि वाकि असुल भयो भनि आफुलाई केहि थाहा छैन. श्रीफ हजुरका दस्षत आया वमोजिम तनुकि गरि १० सालका असुल भयाको रुपियाको तपसिल चन्हाई पठायाको छ नजर गरी वक्सी जाहेर होला. रसद खरिद गर्नुलाई ढिलो भो भन्ना निमित्त ४०७०० मध्ये हाल येहि रुपिया सर्दर ज्मा रु २९५९७ ज्मादार गीर्वल कार्कि हस्ते वुझाई भर्पाई लो पठाउन्या काम गऱ्या श्री वुवाज्यु श्री कर्णेल कृष्णध्वज कुवर राणाजीवाट रसद आई पुग्या पछि भर्पाई रसिद हजुरमा चह्राई पठाउन्या काम गरुला वाकि रुपियालाई ज्यासिक्षा लेषि वक्संछ हाजिर छु ताकिताका कुरालाई र साल वसालका अमला फैलाको कवुलीयत असुल वाकि यैति भयो भनेर म्याद किस्तावंदि ढड्पकड जस्तो गरि असुल गर्नु भनि मर्जि हुन्छ हाललाई केही संदेह छैन. पछि र मानिसले पुग्यासम्म वाल येक फरक पर्न्या छैन. इति सम्वत १९११ साल मिति आश्विन सुदी ४ रोज ३ मुकाम तानसेन शुभम्—

श्री मद्राजकुमार कुमारात्मज श्री प्राइममिनिष्टरका हजुरमा कपतान जुद्धवीर अधीकारीले चह्राई पठायाको तैयारी २ सये नाललाई जनहि गोली समेतका कार्तोस १५० र पत्थर ९।९ का हिसावले चाहिन्या खजाना समेत ली श्री कर्णेल कृष्णध्वज कुवर राणाजीसंग सामेल भै हुमला जान्या काम गर भनि हजुरवाट आयाका वडापत्र पुग्नी वित्तिकै ताकिति तत्पर गरि चाहिन्या षजानाको तर्जुमा गर्नु लाग्यु. जगेराको सिसा गोली ३४४८६ छ तेस्मध्ये पल्टनका फेसाली नालमा मिल्याको गोली २२२८३ को गट्टा पारि

सक्यु वाकि साना वेकंवा गोली पार्न र कार्तोसलाई कागज-को षरिदको सनद चाहिएला कि भन्याका चित्तमा ग्रायो र ग्रघि हजुरमा ग्रर्जि चह्राई पठायाको हो यसो गर्नु भन्या मर्जि बक्सिस् भै ग्राउंदा ७।८ हजार गठालाई गोली पार्ना रह्यो र ग्रनेसा लाग्यो. ग्ररू जो भयाको वारुद पत्थर गोली गट्टा पिपा महजुतै तैयार गरि सकियाको छ जैले मर्जि पठाई वक्सनु हुन्छ. छिनभर विलंव गर्न्या छैन. उसै घडि़को सायेत गरि जान्या छु. पाल्पाबाट पनि गोली २०००१ पत्थर १०००१ वन्दुक ३०१ वारुद मुरी ५१।। हुलाक रवाना गरि पठाई देउ भन्या दस्षत ग्राया पत्थर वारुद वन्दुकका ग्रर्थलाई दस्षत पुग्नी वित्तिकै तत्पर भै तैयार गर्‍यौ. गोलीलाई जगेराका साना वेकंवा गोली र सिसा गोली फेसाली नालमा मिलन्या गोली पार्न्या र कार्तोसलाई कागज षरिदको सनद गरिवक्स्या. सिसाले पुग्यासम्मको गोली पारी गट्टा चलाउंदा हु. जागीरदारका षेत कमाउन्या मोही गैन्हको नाउंमा तल्सीले सापटो माग्दा वालीले षान्यासम्म सापट दिनु भन्या वेहोराको दस्खत विंति गरि झिकाइ दिया देषि हामी जान्या जागीरदारहरू ले मोहीसंग सर्सापट लि षर्च तुल्याई जांदा हुं भनि जागीर दारहरूले मसंगभन्दा हजुरमा विन्ति चह्राई पठायाको हो. जो मर्जि ११ साल ग्राश्विन सुदी ५ रोज ३ मुकाम प्यूठाना शुभम् —

श्री जनरल कृष्णवहादुर कुवर राणाजीका हजुरमा कपतान जवर कार्किले चह्राई पठायाको. श्री भवानि वक्स कंपनि र्ला डोटी कर्णेलसंग गै कर्णेलले लाया ग्रह्रायाको काज काम गरि हुमला जानु पर्न्या छ भन्या श्री मिनिष्टर साहेववाट सिक्षा ग्रति ग्राउंदा सिर चह्राई सायेत गरि सिपाहिहरूलाई १०।८ दिनको विदा दी राष्याथ्या. सामेल भयापछि माटोर्कछिगर भयाका वारुद केलाई हजार वाह्रसये गट्टा पारि हिंडनु तयार भयाका थिन्यू डोटी श्री कर्णेल साहेववाट दशैपछि म हुमला जान्छु. तिमि पनि दसै गरि श्री भवानी वक्सका फर्द फेरी मलाई भेटाउदै हुमला ग्राउ भंन्या शिक्षा ग्रति ग्राउंदा दशै गरि श्री नीसानका फर्द फेर्‍यौ चतुर्थि गरि हुमला जान्छु. दसैको तिलक पाति श्री हजुरलाई रु १ टिकाभेट चह्राई पठायाको छ. दाषिल होला. ग्रौ पाहाडको र रसदको विंति गरि पठायाको हो केहि शिक्षा ग्रति नग्राउंदा यो नया कम्पनि छ. म हुमलामा रसद दिनु मर्ला भनि मुषिया प्राण पाध्यासंग हज्जार वाह्र सयेको रसद दिनुपर्छ भनि वन्दोवस्त गर्‍याको छ. रसद पुर्‍याउला भनि कवोल गरि राष्या छन्. मैले पनि श्री मिनिष्टर साहेवका हजुरमा ग्रर्जि लेषि चढाई पठायाको छ ताहा हजुरवाट समुझाई प्राण पाध्याका नाउंमा कम्पनिलाई रसद दिनु. खानाले मर्ला तिमीले हजार वाह्र सयेको रसद तिमीले कम्पनि रह्याका ठाउंमा पुर्‍याउन्या काम गर्‍यां भन्या वेहोराको दस्षत गरि पठाई वक्सनु भया रसद पुर्‍याउन्या छ र रसद पुग्यो भन्या कंपनि वाचन्या छ हजुरहरूका तजवीजले जो ठहर्छ । ११ साल मिति ग्राश्विन शुदि १० रोज १ शुभम् ।

श्री प्राइममिनिष्टरका हजुरमा श्री विष्णु शाहवाट चह्राई पठायाको— उप्रांत हजुरका मेहरवानगीले हामीलाई दर्वारका मैया वक्स भै इजत राषि हजुरका ढोकामा राषि वक्स्याको हो. हजुरले जंको मनसुवा गरि तयार भयापछि हजुरका निमष ले पालीयाको रजपुतको जात हु ग्रघि पनि पुर्षाले टहल गरि ग्रायाको हो. येस वखतमा मैले जान पायेन भन्या मेरा रजपुतिमा र हजुरका निमषमा वट्टा लाग्ला. इजत केहि पुग्दैन वक्स्याका ८ हजार कागजमा ग्रापना हातले वन्दोवस्त गर्न पाया षर्च चलाई १ सै जवान तयार गरि मर्जि भयाका गौडामा हाजिर भई कामले रिझाउँदा हुँ इति सम्वत १.९११ साल मिति ग्राश्वीन सुदि १३ रोज ४ शुभम्—

श्री मद्राजकुमार कुमारात्मज श्री कम्याण्डर इन चिफ जनरल कृष्ण वहादुर कुवर राणाजिवाट जमादार ग्रैमान षत्रि के लेषि गयाको तिन हजार फौजलाई १ वर्ष षान पुगन्या गरि नुन् षरिद गर्नु. तैले षरिद गर्‍याको ग्रनाजको भाउ लेषनु भोट जान्या चिठीमा श्री जनरल काहिला भाई कृष्णवहादुरका सानु छाप लगाई ग्रायाका हिडाउनु विच उसै नहिडाउनु वारुद हाल्याको प्याङ पठाई दिनु भन्या मर्जि सिर चह्राई नुन् षरिदका ग्रर्थलाई ग्रस्ति ५।७ दिन झरि हुंदा झोलांको माथिको पाषा पैरो गै २ साँधु भत्क्यो र ग्राजकाल भाउ ग्रलि घटिरहेछ १४।। माना भैरहेछ तिहारलाई १५।१६ माना जाहांसम्म होला षरिद गरौला हाल १४।। मानामा पनि षरिद गर्न लाया नया

अंन मकै मैजे भदौमा रुपिया दियाको मोह रुपैया १ को भाउ पाथि १८ का दरले २५।२६ सयेको षरिद गऱ्याको छ चावलको भाउ वेस फलुवा पाथि ।४।२ माझासरुवा ।४।६ सरुवा ।५ मा खरिद गरि वोसि र सिपाहिलाई षुवायाको छ मकै लीदैछु कोदो र धानको वेला हुन लाग्यो लिदै पीढाउन्या पीधाई कुटाउन्या कुटाई थन्काइ राखन्या काम गरुंला. भोट जान्या चिठी श्रीं जनरल साहेवका छाप सहि जाचि कुतिको थर्काली जसमानका नाउमा चिठि लेषि जौन जौन जगामा जान्या हो. ताहावाट रवाना गरि हिंडाइ दे भनि पठायाको छ अव उप्रांत पनि छाप सहि जाचि पठाउन्या काम गरौंला. भोट लैजान ल्यायाको वारुद ध्याङ् १ सिसा धार्नि ३ को डल्ला र भोट जान्या चिठी र चौरी भेडा जांचको कागज स्मेत चऱ्हाई पठायाको छ दाखिल भयो झुगा ब्यासिदेषि षरान्या पोषरीसम्म वाटो वनाई सक्या दोहऱ्याउन वाकि छ पछि दोहऱ्याउन्या काम गरौंला अघिल्ला मूल वाटोमा विर्सिंषारको चिर्पिषारको अका २।३ जगालाई चाहिन्या छ भनि पुग्या विन्तिगरि पठायाको हो नयां वाटोलाई र भरि सक्य वनाई आयापछि हिउंले केहि विगाऱ्या वनाउन्यैं छु अैलेको हकलाई भन्या वढिया भयाको छ. वल्माफिक मात्र सांधु ५ वनाउनु पर्न्या छ. सांधु पनि वनाउन लाउछु. श्रीं हवल्दार अम्वर वीर भंडारिलाई पठाई दिनु भनि मर्जि आयाको सिर चऱ्हाजां वोसिहरूलाई सिधा दिनु काउ जाचनु मलाई राष्याको छ. ति हिसाव वुझि पठाउन्या काम गर्न्यैं छु मान्क्षेवेस्का विलका छन् ति १ जना र सिपाहि २ जना थाम भनि मर्जि भया थामछु. जो अर्जि अरू सिपाहि पठायाको छ दाषिल होला ११ साल मिति आश्विन सुदि १३ रोज ४ शुभम्–

तस्तै वखतमा श्री प्राइममिनिष्टरका हजुरमा श्रीं कर्णेल कृष्णध्वज कुवर राणाजीवाट उप्रांत मर्जि आया वमोजिम ८०१ जाललाई वन्दुक पिछे जनहि गोली स्मेतका गट्टा १५।१५ पत्थर ६।६ का दरले र तोप २ लाई २।२ सये गोला ४।४ सये गीराफ सहित गैह्र षरखजाना तयार गराई आश्विन सुदी १५ रोज ६ का दिनको सायेत गरि हुमला तरफ चुइत्र गऱ्या १९११ साल मिति आश्विन शुदि १५ रोज ६ मुकाम डोटि सिलगढि शुभम् ।

कोट छाउनि रसद घर गैऱ्हको तयारी ताकितिलाई आजैका मितिमा डोटीवाट कपतान वर्फानिसि वस्न्यात हुमला जान लाई कुच गर्न्या शुभं–

श्री मद्राजकुमार कुमारात्मज श्रीं कम्याण्डर इन चिफ जनरल कृष्णवहादुर कुवर राणाजी श्रीं कम्याण्डर कर्णेल वषत जङ्ग कुवर राणाजिका नाउंमा कर्णेल कृष्णध्वज कुवर राणाजीले चऱ्हाई पठायाको उप्रांत श्री प्राइममिनिष्टर दाज्यैज्यूका मर्जि भै आया वमोजिम नाललाई वन्दुक पिछे गोली स्मेतका गट्टा जनहि १५।१५ र पत्थर ६।६ तोप २ लाई जनहि २।२ सये गोला ४।४ सये गीराफ सहित चाहिन्या जंगी षर्षजाना तरतयार गरी ली आश्विन शुदी १५ रोज ६ का दिन येतावाट हुमला तरफ कुच गऱ्या. ताहा पुग्यापछि चाहिन्या कुराको विन्ति चऱ्हाई पठाउन्या काम गरुंला औ यस तर्फका राजा रजौटाहरूले हामीले पनि जानु पर्न्या हो कि भनि लेषि पठाउछौं. श्रीं प्राइम मिनिष्टर दाज्यैज्यूवाट र यस कुराको वेहोरा मलाई केही लेषि आयाको छैन. राजा रजौटामा कोहि धेर षान्या छन् कोहि थोरै षान्या छन्. इनलाई हुमला झिकाउंदा षाया अनुसार गरि मानिस झिकाउन्या हो कि कसो गर्न्या हो. येस कुराको मेहेर भया उसै माफिकको काम गर्दा हुं. १९११ साल मिति कार्तिक वदि १ रोज ७ मुकाम सिलगढि शुभम्—

श्रीं जनरल कृष्णवहादुर कुवर राणाजिका हजुरमा ज्मादार अैमान षत् नौसिंदा राजमानले लेषि चऱ्हाई पठायाको उप्रांत पैंतिस हातको घर २ उनतिस हातको घर १ हात १८ गज ११ का घर ४ सिध्याजा. वोसि कमिलाई विदा दिजा हजुरवाट मर्जि भया वमोजिम सिद्धियो. फेरि वनाउनु पर्छ भन्या वनाउला घरलाई कसो होला भन्या फिक्री मानु पर्दैन. कोदो मकै लीनु पर्छ कि पर्दैन गहु करुको भाउ मोहरु पैया १ को पाथि ६ पिध्याको मोहरु १ को पाठि ८ का दरले हामीले षान्यूं. भुट्याको गहु करु रुपैंञा १ को पाठि ८ देउ भंदा अलिक गाह्रो मान्छ कुन कुन कुरो पीधनु कुन कुरो भुटनु येस कुराको निस्तुक पाया काम गरुंला वाटासंग लीह विग्र्याको छ वनाउन लागीरह्याछु तीशूल गंगाको साधु १ विग्र्याको छ. यो पनि वनाउला जोर चातलिचा षैमल स्मेतको पठाइ वक्सनु भया. ढोकामा

लाउला षर्चलाई साह्रो सिकिस्त परिरहेछ क्या षाई काज गरु २०० सये रुपियाको नुन किनु भन्या श्री प्राइम मिनिष्टरका चिठीमा लेषि आयाको थियो. नुन किनि ताहा पठाउ कि आहा राषु. घर भन्या चिसा छ आगो वालि धुवा गर्दछु. चावल गहु करु मकै कोदो थुनिआ पछि नुन पनि भाउ घटाउ भन्या. ढेवाले कुरा गर्‍यो भन्या षलकि वोलि सुनिछ नुन केरुमा जाइ किनु कि आहीं किनु. भारी वोकन्या भेडाको काम क्या हो भनि भोटचा कराउं छन् इनहरूलाई क्या जवाप दिन्या हो ल्हासामा वस्न्या औतारी लामा कर्म भन्या हो १ चिनिया १ केरुमा आइ पुग्या भन्या कुरा धर्माको लामा सिभु वस्न्या मानिसले ल्यायाको समाचार हो लस्कर कति छ घोडा कति छ भनि मैले पनि मानिस तहकित गर्न पठाई राष्या छु ११ साल मिति कार्तिक वदि ६ रोज ५ शुभम्—

श्री प्राइममिनिष्टरवाट सुबा मान्सरोवर सिंके लेषी गयाको उप्रांत नुन् षरिद गर्दा पैरो गै साधु भत्कंदा भाउ घटी हुन जानाले साढे चौढ मानामा भाउमा षरिद गर्‍याको र तिहारका ताकमा १५।१६ माना जो वढला सो माफिक गरुला भन्या विस्तार वढिया लेषिछस्. मकैका कुरालाई रुपिया १ को भाउ पाठि १८ का दरले २५।२६ सयैको षरिद गर्न्या काम वेस भयेछ. भोट लैजान लैग्याको वारुद प्याङ १ सीसा धार्नि ३ के डल्ला १ र भोट जान्या षो लीयाका चिठी र चौरि भेडाका जांचको कागज १ स्मेत पठायाको आइपुग्यो सिसा पठाउन्यालाई जरीवाना समेत भयो वारुदप्याङ १ पठाउन्या मानिसको पत्ता लाग्याको छैन. हवल्दार अम्वर विर भडारि १ जना र सिपाहि २ जनालाई थामु कि भन्या कुरालाई १ पट्टी वदला गयापछि उनै वदला जान्यावाट काम चलाउनु हवल्दार अम्वर विर भडारि र सिपाहिहरू जति छन्. फुटफाट गरि राषनु हुन्दैन. चांडो गरि आहा पठाइदिनु. माहाजनहरूले आहा वाट भोट पठायाका चिठिहरूमा श्री काहिला जनरल भाई को छाप नलागि आयाका चिठिहरूमा राजकाजको वेहोरा लेषियाको रहेछ भन्या त्यो चिठी आहा पठाइदिनु राजकाज को वेहोरा लेषि आयाको रहेनछ. आफना वेपार घरका कुराको विहोरा मात्र भयाको चिठी रहेनछ भन्या आहावाट काहिला जनरल भाइको छाप नलाग्याको भया पनि हिडाइ दिनु रसद गैह्लको र वाटघाटको वहुतै ताकिता गरि वनाउन्या काम गर नत जान्यैछस् ११ साल मिति कार्तिक वदि १० रोज २ शुभम्—

श्री प्राइममिनिष्टरका हजुरमा सुवा मान्सरवरसिले चह्राई पठायाको उप्रांत वारुदका प्याङका अर्थलाई मानिस पट्टा लाग्याको छैन हवल्दार अम्वरविर भडारिलाई र सिपाहि जना २ लाई पट्टी ताहा आयापछि अरू फयरको फाटफुट गरि राषनु छैन रसद गैह्लको र वाटघाटको वहुतै ताकित गरि वनाउ भन्या मर्जि शिर चह्राया वारुद ल्याउन्या मानिस असन टोल हलवाइका पसलसंगैको वनिआ पसल्या रणसिद्धि उदासको छोरा वारुदको धनि सोहि टोल ढोका मदुछेको भाजुमनि प्याङ पसल्या तिनिहरूका राहादानिको नक्कल स्मेत चह्राई पठायाको छ दाषील होला हवल्दार अम्वरविर भडारीका अर्थलाई १।२ दिन राषि आहा गोदामको कारोवार गर्‍याको वुझि पठाइ दिन्छु रसदको ताकिति गर्दछु. गोदाम घर चाडो नसिद्धिया रसदको वरवाद होला भनि गोदाममा लागी रह्याछु कर्मिजना १७ कार्तिक वदी ४ रोज ३ का दिन गुन्थानमा आइपुग्यो. उसै दिन काम लाग्यू पैन्या लिस्ति गोदाम घर २ लाई कर्मि विना हर्कत भैरहेछ. गुन्थान लिस्ति गोदाम घर २ मा हिजो १२ घडी ४५ पला दिन चढदामा जग वसाई गारो लाग्या. मकै वरावर भुटन लायाको छ गोदाम तयारि भया वित्तिकै रसद जमा गरी थन्क्याउन्या छु. ई गोदामलाई थुन् थम्को थरि मुषिया राषि मंसिरदेषि पछिका भाउ गर्‍याको कागज चह्राई पठायाको छ नजर भया जाहेर होला. सो दरको कागजमा छाप लागि आया. गोदाम गोदाममा टास्दाहुं वाटोको कुरालाई वल्याफिवार भर लिस्तिको रैती गोदाम वनाउन लाग्या छन्. इनिहरूलाई फुर्सत भया वित्तिकै वल्या फिवारदेषि सिवानासम्मको वाटो तयारि गरुला वल्याफि पार पुगा व्यासिदेषी आम्चुर घाट सम्म आफना आफना वडाको वाटो वनाउनु भन्या. दस्षत १ अस्ति विन्ति चह्राई पठायाको हो. सिपाघाटदेषि वल्याफिसम्म गाउ गाउंले आफना आफना वडाको वाटो वनाउनु भन्या १ जमा २ दस्पत गरि पठाई वक्सनु भया वाटो चाडो ताकिति गर्दा हुं जो मर्जि वाकि ३ गोदाम वनाउदा कालिगढ पूजाको सराजाम माग्छन् गारो लाउन्या

डर्कमि षोलाको सरद ज्याला दीन्या हो कि कर्मि सरह दिन्या हो. माटो मुछन्या ढुगा दिन्या षेतलाहरू षाजा पाहुन्या हुं भनी कराउछन् औ मर्जि वमोजिम तहविल्दार ३ वहिदार २ राष्दा दफदर षाना श्री कुमारी चोकवाट आयाको नौसिदा मुलगोम थान् गोदाममा राष्या भर्न्या तौलन्या गोदामपिछे जना ४।४ राषी देउ भनी तहविल्दार कराउछन् हाल भर्नु तौलनुमा २।२ जना राष्या छु षाना दानाको वन्दोवस्त ष्वामिदवाट जो मेहेर होला सो पाउन्या छ भनि राष्याको छ. भर्नु तौलनुमा २।४ जनाले गरि सकन्या जस्तो छैन भन्या झैं लाग्छ. जो मर्जि वाटोको कुरालाई टुंग्या सिपाहि विन्ति चन्हाई पठायाको हो आयेन –कुतितिरका समाचारका अर्थलाई षानापीनामा हाहात्कार भैरहेछ भन्या सुनिछ कुतिवाट मलाई लेष्याको चिठी जवाफ लेषनु शकेन. हजुरमा चिठी चन्हाई पठायाको छ. अघि अघिभन्दा ये साल नुन लिन ढाक्रचा वहुतै गया २०।२१। २२ मानाका दरले वरावर ल्याउदैनन् औठगाम अडाका कागत्या हुलाकि लिस्ति डांडा गाउंको गुरु घर २५ थर घरले दरि गयाछन् वाहुनहरू वस्न्या हामीहरू वस्न पन्यो भनि गुरुहरू कराउंछन् चिमलिको वाहुनहरूले ३२ घरको नाउँ लेषि ल्यायाको छ. गुरुहरू झिकी ति वाहुनहरू राषि नपुग्याको अडा थपि वाहुनहरू राषी दिउं कि जो मर्जि सुवेदार अनुपसिं षत् पनि मेरा साथमा छन् २ जनाको सल्लाहासित मर्जि भया वमोजिम टहल गर्नु लागी रह्याछु. इति सम्वत् १९११ साल मिति कार्तिक वदि १३ रोज ५ शुभम्—

(क्रमशः)